धुर्कोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ५ मितिः २०८१/१०/०४

**भाग-२**

धुर्कोट गाउँपालिका

## धुर्कोट गाउँपालिकाको खानेपानी तथा सरसफाइ मापदण्ड, २०८१

आज्ञाले,

ज्ञानुराम पन्थी

प्रमुख प्रशासकीय अधिकृत

गाउँकार्यपालिकाबाट स्वीकृत
मिति: २०८१।०९।२९

“समृद्ध धुर्कोट: हाम्रो शान ”

# धुर्कोट गाउँपालिका

## “ धुर्कोट गाउँपालिकाको खानेपानी तथा सरसफाइ मापदण्ड **२०८१**”

## धुर्कोट गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**
**बर्बोट,गुल्मी**
**. लुम्बिनी प्रदेश, नेपाल**

# धुर्कोट गाउँपालिकाको खानेपानी तथा सरसफाइ(WASH) मापदण्ड २०८१

स्वीकृत मितिः २०८१।०९।२९

**पृष्ठ भूमिः**

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भनी खानेपानी तथा सरसफाइ सेवालाई मौलिक हक कर्तव्य अन्तगरत स्थापित गरेको छ । नेपाल सरकारले दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) का १७ लक्ष्य मध्ये छैंठौं लक्ष्य सबैलाई खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने विषयलाई आत्मसाथ आफ्नो योजना र कार्यक्रम तयार गरिरहेको छ । स्थानीय तहले उक्त कुराको जिम्मेवारबोध गर्दै खानेपानी सेवालाई विश्वसनिय र नतिजामूलक बनाउनका लागि पानीको गुणस्तर सुनिचिश्त गर्न आवश्यक विधि, साधन र स्रोत बारे जानकारी गराउँदै पानीको गुणस्तर र अनुगमन गर्न वाञ्छनीय भएको छ । नागरिकहरुलाई सुरक्षित, स्वच्छ र दिगो सेवा प्रदान गर्न स्थानीय सरकारले अपनाउनु पर्ने मापदण्डहरु हुन् । स्वच्छ खानेपानी र उचित सरसफाइ, मानव स्वास्थ्य, वातावरण संरक्षण र दिगो विकासका लागि अत्यन्त आवश्यक छन् । स्थानीय तहले सुरक्षित पानी आपूर्ति र सरसफाइ सेवा सुनिचिश्त गर्न स्पष्ट मापदण्ड बनाउनु आवश्यक हुन्छ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा.(२) को अधिनमा रही **" धुर्कोट गाउँपालिकाको खानेपानी तथा सरसफाइ मापदण्ड २०८१"** तयार गरी लागु गरेकोछ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :–**

१) यस मापदण्डको नाम **"धुर्कोट गाउँपालिकाको खानेपानी तथा सरसफाइ मापदण्ड २०८१"**रहने छ ।

२) यो मापदण्ड धुर्कोट गाउँपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा ,

(क) **"संविधान "** भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ ।

(ख) **"स्थानीय तह"** भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमको गाउँपालिका सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"**भन्नाले गाउँकार्यपालिका सम्झनु पर्छ ।

(घ) **"अध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) **"सदस्य"** भन्नाले धुर्कोट गाउँपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले धुर्कोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) **"उद्देश्यहरु"** भन्नाले यस मापदण्डमा समावेश गरिएका उद्देश्यहरुलाई सम्झनु पर्छ ।

(झ) **"मापदण्ड"**भन्नाले धुर्कोट गाउँपालिकाको खानेपानी तथा सरसफाइ मापदण्ड-२०८१ बुझ्नुपर्छ ।

(ञ) **"गुणस्तर"** भन्नाले धुर्कोट गाउँपालिकाको खानेपानी तथा सरसफाइ मापदण्ड-२०८१ मा उल्लेख गरे

अनुसार बुझ्नुपर्छ ।

(ट)“ **खानेपानी भन्नाले”** मानिसले पिउन, खान पकाउन र दैनिक जीवनमा प्रयोग गर्न सुरक्षित, स्वच्छ र स्वास्थ्यका लागि हानिरहित पानी  बुझ्नुपर्छ ।

(ठ)**“सरसफाइ भन्नाले”** व्यक्ति, घर, समुदाय र वातावरणलाई सफा, स्वच्छ र रोगरहित राख्ने सम्पूर्ण प्रकृया र व्यवहारलाई बुझ्नुपर्छ ।

(ड)**“गाउँपालिका भन्नाले”** धुर्कोट गाउँपालिका बुझ्नुपर्छ ।

**३.उद्देश्यहरु :–**

- सवै नागरिकलाई रोगमुक्त, स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी उपलब्ध गराउने ।
- खुल्ला दिसामुक्त( ODF) अवस्था कायम राख्ने ।
- व्यक्तिगत तथा सामुदायिक सरसफाइमा सुधार ल्याउने ।
- पानीबाट सर्ने रोगहरु (झाडापखाला, हैजा आदि) रोक्ने र रोगको जोखिम घटाउने ।
- पानी र सरसफाइसँग सम्बन्धित रोगहरुको नियन्त्रण र रोकथाम गर्ने ।
- ग्रामीण तथा दुर्गम क्षेत्रलाई प्राथमिकता दिने ।
- पानीमा हुने रासायानिक, जैविक र भौतिक प्रदुषण नियन्त्रण गर्ने ।

**४.परिभाषा (मुख्य शब्दहरु)**

- **सुरक्षित खानेपानीः** मानिसले पिउन, खाना पकाउन र दैनिक प्रयोगका लागि स्वास्थ्यका हिसावले हानिकारक नभएको र रोग फैलाउने जीवाणु, हानिकारक रसायन वा फोहोर पदार्थ हुँदैनन् । जुन मापदण्ड प्राय WHO तथा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार निर्धारण गरिन्छन् ।
- **सरसफाइः** व्यक्ति, घर, समुदाय र वातावरणलाई सफा, स्वच्छ र रोगमुक्त राख्ने सर्म्पूण कार्य र व्यवहारलाई बुझाउँछ साथै शौचालय, फोहोर व्यवस्थापन, व्यक्तिगत स्वच्छता समेतलाई जनाउँछ ।
- **WASH :** Water, Sanitation  and Hygiene (खानेपानी, सरसफाइ तथा स्वच्छता)

**५.खानेपानी सम्बन्धी मापदण्ड**

राष्ट्रिय खानेपानी तथा सरसफाइ मापदण्ड अनुसार धुर्कोट गाउँपालिकाले एक घर एक धारा कार्यक्रम संचालन गरिने छ । एक घर एक धारा वडा घोषणा गर्दै एक घर एक धारायुक्त गाउँपालिका घोषणा गरिने छ । खानेपानीको गुणस्तर जाँच गर्नुको साथै पानीको आपूर्तिमा समेत ध्यान पुराइनेछ ।

**५.१ पानीको गुणस्तर**

- **पानी हानिकारक जीवाणु ( E.coli) शून्य हुनु पर्ने**
  पानीमार्फत सर्ने रोग गराउने सूक्ष्म जीवहरु हुन् । यस्ता जीवाणु दुषित पानीमा पाइन्छ र मानव स्वास्थ्यका लागि खतरनाक हुन्छन् । पेट दुख्नु, झाडापखाला लाग्नु, हैजा आउनु, टाइफाइड हुनु, ज्वरो आउनु, टाउको दुख्नु, पेट फुल्नु ,आउँ पर्नु जस्ता रोग पानीमा हानिकारक जीवाणुको कारण लाग्दछ ।
- **रङ, गन्ध, स्वाद सामान्य हुनु पर्ने**
  पानी रङहीन हुनुपर्छ र पानीमा कुनै पनि दुर्गन्ध हुनु हुँदैन । पानीको स्वाद सामान्य हुनुपर्छ । यसले जनाउँछ कि पानी सफा र पिउन योग्य छ ।
- **राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड (NDWQS)अनुसार परीक्षण गरिने**

नेपाल सरकारले निर्धारण गरेको सुरक्षित पिउने पानीका मापदण्डहरु हुन् ।यी मापदण्डले पानी स्वास्थ्यका लागि सुरक्षित छ कि छैन भन्ने निर्धारण गर्छन् । खानेपानीका मापदण्डमा भौतिक मापदण्ड, रासायनिक मापदण्ड, जैविक मापदण्ड, अवशिष्ट क्लोरिन जस्ता विधि प्रयोग गरी पानीको परिक्षण गर्न सकिनेछ ।

## (क) अनिवार्य परीक्षण गर्नु पर्ने Parameters

| क.सं. | Parameters | एकाइ(Unit) | अधिकतम सघनसीमा (Maximum Concentration Limit) | कैफियत( Remarks ) |
|---|---|---|---|---|
| Physical Parameters | | | | |
| १ | धमिलोपना (Turbidity) | एन.टि.यु(NTU) | ५ | NHBGV |
| २ | हाइड्रोजन विभव (PH) | | ६.५–८.५ | NHBGV |
| ३ | रङ्ग (Color) | टि.सी.यु (TCU) | ५ | NHBGV |
| ४ | स्वाद र गन्ध (Taste and Odor) | | आपत्तिजन हुन नहुने | NHBGV |
| ५ | विद्युतीय संवाहकता (Electrical Conductivity | माइक्रोसिमेन्स/से.मि (µS/cm) | १५०० | NHBGV |

| क.सं. | Parameters | एकाइ(Unit) | अधिकतम सघनसीमा (Maximum Concentration Limit) | कैफियत( Remarks ) |
|---|---|---|---|---|
| Chemical Parameters | | | | |
| ६ | फलाम (Iron_ | मि.ग्रा/लि. (mg/L) | ०.३०(३) | NHBGV |
| ७ | मेन्गानिज (Manganese) | मि.ग्रा/लि. (mg/L) | ०.२० | NHBGV |
| ८ | आर्सेनिक(Arsenic) | मि.ग्रा/लि. (mg/L) | ०.०५ | NHBGV |
| ९ | फ्लोराइड(Fluoride) | मि.ग्रा/लि. (mg/L) | ०.५०-१.५० (न्यूनतम-अधिकतम) | NHBGV |
| १० | अमोनिया (Ammonia) | मि.ग्रा/लि. (mg/L) | १.५० | NHBGV |
| ११ | क्लोराइड (Chloride) | मि.ग्रा/लि. (mg/L) | २५० | NHBGV |
| १२ | सल्फेट (Sulphate) | मि.ग्रा/लि. (mg/L) | २५० | NHBGV |
| १३ | नाइट्रेट (Nitrate) | मि.ग्रा/लि. (mg/L) | ५० | NHBGV |
| १४ | तामा (Copper) | मि.ग्रा/लि. (mg/L) | १ | NHBGV |
| १५ | जस्ता (Zinc) | मि.ग्रा/लि. (mg/L) | ३ | NHBGV |
| १६ | आलुमिनीयम (Aluminium) | मि.ग्रा/लि. (mg/L) | ०.२० | NHBGV |
| १७ | कुल कडापन (Total Hardness) | मि.ग्रा/लि. (mg/L) | ५०० | NHBGV |
| १८ | क्लोरिनअवशेष | मि.ग्रा/लि. (mg/L) | ०.१०-०.५० | क्लोरिन प्रयोग हुने |

| | | | | |
|---|---|---|---|---|
| | (ResidualChlorine) | | (न्यूनतम-अधिकतम) | प्रणालीमा मात्र |
| Microbiological Parameters | | | | |
| १९ | ई-कोली (E.Coli) | सि.एफ.यु./१०० मि.लि.(CFU/100 ml) | ० | NHBGV |

### (ख) जोखिम तथा सान्दर्भिकताको आधारमा थप परिक्षण गर्नु पर्ने Parameters

| क.सं. | Parameters | एकाइ(Unit) | अधिकतम सघनसीमा (Maximum Concentration Limit) | कैफियत( Remarks ) |
|---|---|---|---|---|
| Physical Parameters | | | | |
| १ | कुल घुलित ठोस पदार्थ (Total Dissolved Solids) | मि.ग्रा/लि. (mg/L) | १००० | NHBGV |
| Chemical Parameters | | | | |
| २ | क्यासियम (Calcium) | मि.ग्रा/लि. (mg/L) | २०० | NHBGV |
| ३ | सिसा(Lead) | मि.ग्रा/लि. (mg/L) | ०.०१ | NHBGV |
| ४ | क्याडमियम (Cadmium) | मि.ग्रा/लि. (mg/L) | ०.००३ | NHBGV |
| ५ | क्रोमियम (Chromium) | मि.ग्रा/लि. (mg/L) | ०.०५ | NHBGV |
| ६ | सायनाइड (Cyanide) | मि.ग्रा/लि. (mg/L) | ०.०७ | NHBGV |
| ७ | पारो (Mercury) | मि.ग्रा/लि. (mg/L) | ०.००१ | NHBGV |
| ८ | नाइट्राइट्स (Nitrites) | मि.ग्रा/लि. (mg/L) | ३ | NHBGV |
| Microbiological Parameters | | | | |
| ९ | कुल कोलिफर्म (Total Coliform) | सि.एफ.यु./१००.मि.लि.(CFU/100 ml) | ० (९५प्रतिशत नमूनाहरुमा) | NHBGV |

## ५.२ पानी आपूर्ति

- न्यूनतम ४५-६० लिटर प्रति व्यक्ति प्रति दिन पानी उपलब्ध
  मानिसले दैनिक प्रयोगका लागि (पिउन, पकाउन, सरसफाइ, कृषिका लागि आदि) सुरक्षित र प्रयाप्त पानी उपलब्ध गराउने प्रक्रिया हो । पानी विभिन्न स्रोतहरुबाट आपूर्ति गर्न सकिन्छ । सतही पानी-

नदी, खोला, ताल,  भू-गर्भीय पानी-इनार,धारा, बोरिङ हुन्छ भने वर्षाको पानी जुन आकाशबाट संकलन गर्ने प्रणालीबाट हुन्छ ।

- घरधुरीसम्म पाइपलाइन वा सुरक्षित स्रोतबाट पहुँच
  .प्रत्येक घरधुरीसम्म धारा वा पाइपबाट पानी पुग्नु, इनार, धारा,बोरिङ जस्ता सुरक्षित र परीक्षण गरिएको पानी स्रोत, सजिलै, नियमित रुपमा पानी पाउन सकिने अवस्था हो ।
- २४ घण्टामा कम्तीमा २-३ घण्टा नियमित आपूर्ति
  २४ घण्टामा कम्तीमा २-३ घण्टा पानी पाउने व्यवस्था हो । पर्याप्त पानी उपलब्ध गराएर स्वास्थ्य र सरसफाइ कायम राख्नु पर्दछ ।

### ५.३ स्रोत संरक्षण

- **पानीका मुहान वरिपरि ५० मिटर क्षेत्र संरक्षण**
  पानीको स्रोत( मुहान) बाट चारैतिर कम्तीमा ५० मीटर क्षेत्रलाई सुरक्षित राख्ने नियम हो र जसले गर्दा पानी दुषित नहोस् । जहाँ पानीको मुहान वरिपरि फोहोर फाल्न पाइदैन, खुला दिसा गर्न पाइदैन, पशु बाँध्न वा चराउन पाइदैन र रासायनिक पदार्थ ,किटनाशक, मल प्रयोग गर्न नपाइने हो ।
- **मुहान क्षेत्रमा खुला दिसा, फोहोर फाल्न निषेध**
  मुहान वरिपरि मानिसहरुले दिसा गर्नु हुँदैन । प्लाष्टि, खाना फोहोर,रासायनिक पदार्थ  आदि फाल्न नपाइने र गाईवस्तु चरिचरण गर्न नपाइने हो ।
- **वृक्षारोपण र माटो संरक्षण कार्यक्रम सञ्चालन**
  प्राकृतिक स्रोतको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्न गरिने क्रियाकलापहरु हुन् । जसमा माटो क्षय रोक्नु, पानी जम्न र भू-गर्भीय पानी स्तर बढाउनु, वायु शुद्ध राख्न र हरियाली बढाउनु हो ।

### ५.४ नियमित परीक्षण

- **प्रत्येक ६ महिनामा पानीको गुणस्तर परीक्षण**
  पानीमा हानिकारक जीवाणु, रासायनिक तत्व, पिएच, धुलोपन आदि जाँच गर्ने प्रक्रिया हो । वर्षमा दुई पटक नियमित रुपमा परीक्षण गर्नु हो ।
- **प्रयोगशाला वा किट प्रयोग गरी परीक्षण गर्ने**
  प्रयोगशाला पानीमा जैविक, रासायनिक र भौतिक गुणहरु जाँच गर्ने आधिकारी स्थान हो र कीट प्रयोग स्थानमै छिटो परीक्षण गर्ने उपकरण हो जस्तै पिएच, क्लोरिन,धुलोपन, ब्याक्टेरिया जाँच गर्नु हो।

## ६ सरसफाइ सम्बन्धी मापदण्ड

सरसफाइ गुरुयोजना २०६८ र पूर्ण सरसफाइ मार्गदर्शन २०७३ बमोजिम  पूर्ण सरसफाइका ६ वटा सूचकहरु समुदायमा लागु गरिनेछ । पूर्ण सरसफाइका ६ वटा सूचकहरु
१) दिसाको उचित व्यवस्थापन चर्पीको नियमित प्रयोग तथा सरसफाइ
२) जोखिमपूर्ण अवस्थामा साबुनपानीले हातधुने
३) व्यक्तिगत सरसफाइ ४) घरयासी सरसफाइ  ५) पिउने पानीको सुरक्षित भण्डारण एवं शुद्धीकरण
६) वातावरणीय सरसफाइ जस्ता सूचकहरु प्रत्येक घर, विद्यालय, संघ संस्था, कार्यालयहरुमा स्टीकर टाँस गरी पूर्ण सरसफाइयुक्त टोल, वडा र गाउँपालिका घोषणा गरिनेछ ।

## ६.१ शौचालय

- **प्रत्येक घरमा कम्तीमा १ सुरक्षित शौचालय अनिवार्य**
  मानव दिसा बाहिर नफैलिने, पानीको निकासी उचित व्यवस्थापन र झारपात वा ढलसँग जोडिएको र प्रत्येक परिवारले सजिलै प्रयोग गर्न सक्ने अवस्था रहेको शौचालय हो । जसले खुला दिसा रोक्छ, पानी प्रदुषण र रोग फैलिनबाट सुरक्षा गर्नु र सरसफाइ र वातावरणीय स्वच्छता कायम राख्नु हो ।
- **विद्यालय, कार्यालय, सार्वजनिक स्थलमा छुट्टाछुट्टै शौचालय**
  पुरुष र महिलाका लागि अलग हुनु पर्ने र शौचालय सफा, सुरक्षित र पहुँचयोग्य हुन हो । विद्यालयमा विद्यार्थीहरुको लागि, कार्यालयमा कर्मचारीहरुको लागि र सार्वजनिक स्थलमा यात्रु वा आगन्तुकहरुको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्थापन हुनेछ ।

- **अपाङमैत्री र महिला मैत्री शौचालय व्यवस्था**
  सार्वजनिक स्थल, विद्यालय र कार्यालयमा अपाङ्गमैत्री र महिलामैत्री शौचालयको व्यवस्था हुनुपर्छ । शारीरिक अपाङ्ग भएका व्यक्तिले सजिलै प्रयोग गर्न सक्ने र महिलाका लागि सुरक्षित,गोपनीय र सफा हुनुको साथै हाइजिनीक सुविधा जस्तै सेनिटरी प्याड फोहोर व्यवस्थापन गर्नु हो ।

## ६.२ खुला दिसामुक्त )ODF)

- सम्पूर्ण वडा/पालिका ODF घोषणा गरिएको हुनुपर्ने
- ODF स्थितिको नियमित अनुगमन

गाउँपालिका, वडा तहमा सबै घर, विद्यालय,सार्वजनिक स्थल खुला दिसामुक्त भएको हुनुपर्छ । समुदायमा सरसफाइ कायम राख्नु, पानी प्रदूषण रोक्नु र स्वास्थ्य सुधार गर्नु हो । दिगो सरसफाइ अभ्यास प्रवर्द्धन गर्नु हो ।

## ६.३ फोहोर व्यवस्थापन

- घरमै फोहोर छुट्याउने )जैविक/अजैविक
- जैविक फोहोर कम्पोष्ट गर्ने
- अजैविक फोहोर पुन :प्रयोग वा सुरक्षित विसर्जन

फोहोर संकलन, कुहिने नकुहिने व्यवस्थापन र पुनःप्रयोग गर्ने प्रक्रिया हो र जसले वातावरण सफा र स्वास्थ्य सुरक्षित राख्छ । फोहोर व्यवस्थापनका चरणहरुमा संकलन, छनोट, भण्डारण र ढुवानी गर्ने र जनचेतना जागरण गराउनु हो ।

## ६.४ ढल व्यवस्थापन

- सुरक्षित सेप्टिक ट्याङ्क प्रयोग
- ढल पानी खुला रुपमा बग्न नदिने

घर,उद्योग, शौचालय आदिबाट निस्कने फोहोर पानीलाई सुरक्षित रुपमा संकलन, उपचार र निकास गर्ने प्रक्रिया हो । सही ढल व्यवस्थापन नभएमा पानीका स्रोत दूषित भई गम्भीर रोग फैलिन सक्छ । त्यसैले ढलको सुरक्षित संकलन, उपचार र निकास अत्यन्त आवश्यक हुन्छ ।

## ७.व्यक्तिगत सरसफाइ ) Hygiene)

- साबुनपानीले हात धुने (खाना अघि/पछि, शौचपछि)
- सफा पानी पिउने (उमालेर/फिल्टर गरेर)
- नङ, कपडा, घरआँगन सफा राख्ने

आफ्नो शरीर, कपडा र दैनिक बानीहरु सफा राख्ने अभ्यास हो । जसले स्वास्थ्य सुरक्षित राख्न मद्दत गर्छ । विशेष गरेर हात सरसफाइ, शरीर सरसफाइ, दाँत सरसफाइ, नङ सरसफाइ, कपडा सरसफाइ र खाना सरसफाइ यसका मुख्य पक्षहरु रहेका छन् । सरसफाइले रोगबाट बचाउँछ । शरीर स्वस्थ र ताजा राख्छ । आत्मविश्वास बढाउँछ भने समुदायमा सरसफाइ कायम राख्न सहयोग गर्दछ ।

## ८. अनुगमन तथा मूल्यांकन

- त्रैमासिक अनुगमन
- वार्षिक मूल्यांकन रिपोर्ट
- समुदायबाट सुझाव संकलन

कुनै कार्यक्रम, योजना वा क्रियाकलाप ठीक रुपमा संचालन भइरहेको छ कि छैन र त्यसले लक्ष्य हासिल गरेको छ कि छैन भन्ने जाँच गर्ने प्रकृया हो । यसबाट कार्यक्रमको प्रगति थाहा पाउनु, कमीकमजोरी पहिचान गरी सुधार गर्नु, लक्ष्य अनुसार काम भए नभएको मूल्यांकन गर्नु र प्रभावकारिता र दिगोपन सुनिश्चित गर्नु हो । अनुगमन कार्यक्रम संचालन भइरहेको बेला निरन्तर निरीक्षण गर्ने, काम समयमै भइरहेको छ कि छैन जाँच गर्ने र स्रोत(पानी, सरसफाइ, शौचालय आदि) सही प्रयोग भइरहेको छ कि छैन हेर्ने हो भने मूल्यांकन कार्यक्रम समाप्त भएपछि वा निश्चित समयपछि मूल्यांकन गर्ने र लक्ष्य प्राप्त भयो कि भएन भन्ने विश्लेषण गर्ने र प्रभाव, परिणाम र सुधारका उपाय पत्ता लगाउने विधि हो । गाउँपालिकाले प्रकृया अनुसार नै गरिनेछ

## ९. दण्ड तथा प्रोत्साहन :

- मापदण्ड उल्लङ्घनमा जरिवाना
- उत्कृष्ट सरसफाई गर्ने टोल/समुदायलाई पुरस्कार

नियम पालना नगर्नेहरुलाई दण्ड दिने र राम्रो काम गर्नेहरुलाई पुरस्कार वा प्रोत्साहन दिने व्यवस्था हो । जसले खानेपानी तथा सरसफाइ कार्यक्रमलाई प्रभावकारी बनाउँछ । दण्ड खुला दिसा गर्ने, फोहोर जथाभावी फाल्ने, मुहान क्षेत्र प्रदूषित गर्ने र फोहोर व्यवस्थापन नगर्ने हो भने प्रोत्साहन भनेको सरसफाइ कायम गर्ने घर, खुला दिसामुक्त कायम गर्ने समुदाय, राम्रो फोहोर व्यवस्थापन र स्वच्छ विद्यालय/कार्यालयलाई सम्मान वा सहयोग गर्ने कार्य हो । गाउँपालिकाले नियमानुसार दण्ड र प्रोत्साहन गर्ने कार्यलाई नियमति गरिनेछ ।

## १०. निष्कर्ष :

खानेपानी तथा सरसफाइको मापदण्ड प्रभावकारी रुपमा कार्यान्वयन भएमा स्वास्थ्य सुधार,वातावरण संरक्षण र जीवनस्तर उकास्न महत्वपूर्ण योगदान पुग्नेछ ।